केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२५/०६७/६८ मिति: २०६८/०२/०९

**सम्पूर्ण इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गको वित्तीय संस्थाहरुको लागि सोही वर्गको इजाजतपत्रप्राप्त संस्थामा रही विद्यमान कार्यक्षेत्र संकुचन गर्ने सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्न/गराउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गको संस्था पुँजी अपर्याप्तताको कारणबाट सोही वर्गको इजाजतपत्रप्राप्त संस्थामा रही कार्यक्षेत्र संकुचन गर्न चाहेमा स्वीकृतिका लागि नेपाल राष्ट्र बैङ्कमा निवेदन दिन सक्नेछ । यसरी पेश हुन आएको निवेदनको सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले आवश्यक जाँचबुझ गरी स्वीकृति प्रदान गरेमा त्यस्तो वित्तीय संस्थाको कार्यक्षेत्र संकुचन हुनेछ ।

(२) देहायको कुनै वा सबै अवस्था पूरा नगर्ने "ख", "ग" र "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थालाई सोही वर्गमा रहने गरी उक्त संस्थाको कार्यक्षेत्र संकुचन गराउन नेपाल राष्ट्र बैङ्कले निर्देशन दिन सक्नेछ :-
(क) नेपाल राष्ट्र बैङ्कले तोकेको अवधिभित्र तोके बमोजिमको पुँजी नपुऱ्याएको,
(ख) विगत पाँच वर्षदेखि लगातार नोक्सानीमा रहेको,
(ग) नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशन पटक पटक उल्लंघन गरी कारबाहीमा परेको,
(घ) नेपाल राष्ट्र बैङ्कले तोके बमोजिम जोखिम व्यहोर्ने कोष कायम गर्न नसकेको ।

(३) बुँदा नं. (२) बमोजिम कुनै वित्तीय संस्थालाई कारबाही गर्नुभन्दा अगाडि नेपाल राष्ट्र बैङ्कले त्यस्तो वित्तीय संस्थालाई त्यस्तो कारबाहीको विरुद्ध सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनेछ ।

(४) बुँदा नं. (१) बमोजिम कार्यक्षेत्र संकुचन गर्दा देहाय बमोजिम गर्न सकिने छः-
(क) राष्ट्रियस्तरबाट क्षेत्रीयस्तर वा ४-१० जिल्ला वा १-३ जिल्ला वा १ जिल्लामा ।
(ख) क्षेत्रीयस्तरबाट ४-१० जिल्ला वा १-३ जिल्ला वा १ जिल्लामा ।
(ग) ४-१० जिल्लाबाट १-३ जिल्ला वा १ जिल्लामा ।
(घ) १-३ जिल्लाबाट १ जिल्लामा ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।